जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाह्नु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ७२ पृष्ठः ४ | २०८३ असार २३ मंगलबार (Tuesday 07 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## निर्माण सकिनुअघि नै हिलाम्मे बन्यो सडक



**जीवछ यादव**

लहान, २२ असार। सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका–६ स्थित सितापुर–पथडगाडा ग्राभेल सडकको निर्माण गुणस्तरीय नभएको भन्दै स्थानीयवासीले गुनासो गरेका छन्। सामान्य वर्षा हुनासाथ सडक हिलाम्मे बनेपछि निर्माण कार्यको गुणस्तरमाथि प्रश्न उठेको हो। ग्रामीण क्षेत्रमा करिब ५० वर्षदेखि प्रयोग हुँदै आएको सितापुर बजारदेखि दक्षिण पथडगाडासम्मको दुई हजार ७०० मिटर ग्राभेल सडक निर्माणका लागि पूर्वाधार विकास निर्देशनालय, जनकपुरधामले जेठ २० गते सम्झौता गरी असार २४ गतेभित्र काम सम्पन्न गर्ने लक्ष्यसहित ठेक्का दिएको थियो। उक्त ठेक्का लिडरसिप ग्लोबल निर्माण कम्पनीले पाएको हो।

६१ लाख ३४ हजार ४३३ रुपियाँ लागतको सडक निर्माण गुणस्तरीय हुनुपर्नेमा अत्यन्तै कमसल काम भएको लक्ष्मीपुर पतारी गाउँपालिका–६ का पूर्व वडाध्यक्ष राजेश्वर साहले आरोप लगाउनुभयो। उहाँका अनुसार जेठमा सम्झौता भएर असारमा वर्षा सुरु भएपछि ग्राभेल हाल्ने काम गरिएको, ग्राभेलमा माटोको मात्रा अत्यधिक रहेको, सडक सम्याउने कार्यसमेत राम्रोसँग नभएको तथा रोलरसमेत नचलाइएको छ। "यति ठुलो रकममा २७ सय मिटर सडक गुणस्तरीय बन्नुपर्ने हो। तर निर्माणमा व्यापक अनियमितता भएको देखिन्छ।

–बाँकी तीन पेजमा

## भेटेनरी अस्पताल सप्तरी कार्यालय प्रमुख र सवारी चालक अख्तियारको नियन्त्रणमा

**सुधा देव**

सप्तरी, २२ असार। अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीको टोलीले भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,सप्तरीमा सोमबार छापा मारेको छ। छापा मार्ने क्रममा अख्तियारको टोलीले भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सप्तरीका कार्यालय प्रमुख रामपवित्र दास र सवारी चालक भोगेन्द्र यादवलाई नियन्त्रणमा लिएको छ। पशुचौपाया र बाख्राहरूमा लगाइने महामारी जन्य रोग विरूद्ध पिपिआर खोप लगाउन नियुक्ति गरेका भ्याक्सिनेटरहरूसँग भुक्तानीका लागि २० देखि २५ प्रतिशतसम्म रकम प्रति भ्याक्सिनेटर घुस माँगेको




उजुरीका आधारमा अख्तियारको टोलीले छापा मारेर उनीहरूलाई नियन्त्रणमा लिएको हो।

भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र सप्तरीले भ्याक्सिनेटरहरूलाई भ्याक्सिन लगाए बापत प्रति बाख्रा ५ रूपियाँ र पशुचौपायाको१० रूपियाँ दिदै आएको छ। कार्यालय प्रमुख दासले भ्याक्सिनेटरहरूलाई घुस रकम माग्न सवारी चालकलाई दबाब दिएर फोन गर्न लगाउँने गर्नुभएको थियो। उनीहरूलाई अख्तियारको टोलीले कार्यालयबाटै नियन्त्रणमा लिएको जानकारी पाएको सप्तरीका प्रमुख जिल्ला अधिकारी श्याम कृष्ण थापाले जानकारी दिनुभयो।

## बजेटमा युवासम्बन्धी कार्यक्रम समावेश नभएको भन्दै मधेशका मुख्यमन्त्रीलाई ज्ञापनपत्र

जनकपुरधाम, २२ असार। मधेश सरकारको आर्थिक वर्ष २०८३/८४ को बजेटमा युवा सम्बन्धी कार्यक्रम र बजेट समावेश नगरिएको भन्दै युवाहरूले मुख्यमन्त्री समक्ष ज्ञापनपत्र बुझाएका छन्। युवा अभियन्ता मो. नइम राइनको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुगेर रेड बुक प्रदेश सभाबाट पारित गर्नुअघि युवामैत्री बजेट समावेश गरी संशोधन गर्न माग गरेको हो।



ज्ञापनपत्रमा मधेश प्रदेशको कुल जनसंख्याको ठूलो हिस्सा युवा भए पनि खेलकुद तथा समाज कल्याण मन्त्रालयअन्तर्गत रहेको युवा महाशाखाका लागि समेत बजेट विनियोजन नगरिनु दुःखद भएको उल्लेख छ। नीति तथा कार्यक्रममा युवालाई प्राथमिकता दिए पनि बजेटमा त्यसको प्रतिबिम्ब नदेखिएको भन्दै सरकारले तत्काल सुधार गर्नुपर्ने माग गरिएको छ। युवाहरूले रेड बुक संशोधन गरी युवा शाखा तथा युवामुखी कार्यक्रमका लागि छुट्टै बजेट व्यवस्था गर्न, प्रदेश युवा नीति स्वीकृत गरी कार्यान्वयनमा ल्याउन, प्रदेश युवा परिषद् गठन गर्न तथा नेतृत्व विकास, उद्यमशीलता, नवप्रवर्तन, स्वयंसेवा र सामाजिक रूपान्तरणसम्बन्धी कार्यक्रम सञ्चालन गर्न माग गरेका छन्।

ज्ञापनपत्र बुझाउँदै युवा अभियन्ता राईनले युवाको भविष्यसँग खेलबाड नगर्न सरकारलाई आग्रह गरे। ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री कृषण प्रसाद यादवले युवाहरूले उठाएका विषयप्रति सरकार गम्भीर रहेको बताउँदै बजेट पारित हुनुअघि आवश्यक समन्वय र संशोधनका लागि पहल गर्ने आश्वासन दिएका छन्।




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल–ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं।
- सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## आँप मिठो, किसानको भाग भने तितो

सिरहाको लहानलाई वर्षौंदेखि 'आँपको राजधानी' भनेर चिनिन्छ। यहाँ उत्पादन हुने मालदह, बम्बई, अम्रपाली तथा कलकत्तिया जातका आँपले राष्ट्रिय बजारमा राम्रो पहिचान बनाएका छन्। प्रत्येक वर्ष आँप उत्पादनको मौसममा हजारौं किसानको आयआर्जन यसैमा निर्भर हुन्छ। तर विडम्बना, उत्पादनको केन्द्र मानिने लहानमै किसानले आफ्नो पसिनाको उचित मूल्य पाउन सकिरहेका छैनन्। बजारमा आँपको मूल्य दोब्बरले बढ्दा उपभोक्ताले महँगो मूल्य तिर्न बाध्य छन्, तर त्यसको वास्तविक लाभ किसानसम्म पुगिरहेको छैन। सबैभन्दा बढी फाइदा बिचौलिया र व्यापारीले उठाइरहेका छन्।

हालै मालदह आँपको मूल्य केही दिनमै प्रतिकिलो ५० रुपैयाँबाट १०० रुपैयाँ पुगेको छ। उत्पादन घट्दै जाँदा मूल्य बढ्नु बजारको सामान्य नियम हो। तर मूल्यवृद्धिको सम्पूर्ण लाभ किसानले पाउनुको सट्टा व्यापारीले मात्रै उठाउनु स्वस्थ बजार प्रणालीको संकेत होइन। किसानले सस्तोमा बिक्री गरेको उत्पादन उपभोक्तासम्म पुग्दा दोब्बर मूल्यमा किन बेचिनुपर्‍यो भन्ने प्रश्नको जवाफ सम्बन्धित निकायसँग छैन। कृषकले उत्पादन गर्छ, उपभोक्ताले किन्छ, तर बीचको अधिकांश लाभ बिचौलियाले लिने अवस्था कृषि बजारको पुरानो समस्या हो। आँपको हकमा पनि यही अवस्था दोहोरिएको देखिन्छ। किसानसँग भण्डारणको सुविधा छैन, प्रशोधन उद्योग छैन, बजारसम्म प्रत्यक्ष पहुँच छैन। अर्कोतर्फ उपभोक्तासँग प्रत्यक्ष किन्ने विकल्प छैन। यही कमजोरीको फाइदा व्यापारीले उठाइरहेका छन्।

किसानहरूका अनुसार असारको मध्यतिर धान रोपाइँ सुरु हुन्छ। यही समयमा आँप पनि टिप्ने र बिक्री गर्ने चटारो हुन्छ। किसानले बगैंचामा आँप कुर्दै बस्ने कि धान रोप्ने भन्ने द्विविधा हुन्छ। यस्तो परिस्थितिमा उनीहरू बाध्य भएर उपलब्ध मूल्यमा व्यापारीलाई आँप बेच्न विवश हुन्छन्। त्यसपछि व्यापारीले बजारको मागअनुसार मूल्य बढाएर उल्लेखनीय नाफा कमाउने गरेका छन्। यो समस्या वर्षौंदेखि दोहोरिए पनि समाधानतर्फ प्रभावकारी पहल हुन सकेको छैन। आँप उत्पादन गर्ने जिल्लामा शीतभण्डार, प्रशोधन केन्द्र तथा व्यवस्थित संकलन केन्द्रको अभावले किसानलाई झन् कमजोर बनाएको छ। यदि किसानसँग केही दिन आँप सुरक्षित राख्ने सुविधा भएको भए तत्काल सस्तोमा बिक्री गर्नुपर्ने बाध्यता हुने थिएन। त्यसैगरी आँपबाट जुस, पल्प, अचार, ड्राइ फ्रुट वा अन्य प्रशोधित वस्तु उत्पादन गर्ने उद्योग स्थापना हुन सके उत्पादनको मूल्य अभिवृद्धि हुने थियो। यसले किसानको आम्दानी बढाउनुका साथै स्थानीय रोजगारी पनि सिर्जना गर्न सक्थ्यो।

लहान सिरहा र सप्तरीका किसानका लागि प्रमुख व्यापारिक केन्द्र हो। यस क्षेत्रलाई व्यवस्थित आँप बजारका रूपमा विकास गर्न पर्याप्त सम्भावना छ। विगतमा स्थानीय उत्पादनको ब्रान्डिङ गर्ने प्रयास भए पनि त्यसलाई निरन्तरता दिन सकिएको देखिँदैन। पूर्व–पश्चिम राजमार्ग र हुलाकी राजमार्गको उपयोग गर्दै मौसमी बिक्री केन्द्र सञ्चालन गर्ने, 'आँप महोत्सव' आयोजना गर्ने तथा स्थानीय उत्पादनलाई राष्ट्रिय बजारसँग जोड्ने कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न सकिए किसान र उपभोक्ता दुवै लाभान्वित हुन सक्छन्। स्थानीय सरकार, कृषि ज्ञान केन्द्र तथा सम्बन्धित निकायले उत्पादन बढाउने कार्यक्रम मात्रै सञ्चालन गरेर दायित्व पूरा हुँदैन। उत्पादनपछि बजार व्यवस्थापन, मूल्य स्थिरता, ब्रान्डिङ, ढुवानी, भण्डारण र बजार विस्तारमा पनि उत्तिकै ध्यान दिनुपर्छ। कृषकलाई प्रविधि र अनुदान उपलब्ध गराउनु आवश्यक छ, तर त्यसभन्दा बढी आवश्यक उनीहरूको उत्पादन बिक्री हुने सुनिश्चित वातावरण बनाउनु हो।

उपभोक्ताको गुनासो पनि उत्तिकै जायज छ। बजारमा एउटै गुणस्तरको आँप फरक–फरक पसलमा फरक मूल्यमा बिक्री भइरहेको अवस्था देखिन्छ। मूल्य सूची सार्वजनिक नहुनु, नियमित बजार अनुगमन नहुनु तथा उपभोक्ता अधिकारको प्रभावकारी कार्यान्वयन नहुँदा बजारमा मनपरी मूल्य निर्धारण हुने गरेको छ। स्थानीय प्रशासन र सम्बन्धित निकायले नियमित अनुगमन गरी उचित मूल्य निर्धारण तथा पारदर्शी कारोबारको वातावरण बनाउन आवश्यक छ। नेपालमा कृषि क्षेत्रलाई अर्थतन्त्रको मेरुदण्ड भनिए पनि किसानले उत्पादनको उचित मूल्य नपाउने समस्या अझै समाधान हुन सकेको छैन। यसले युवालाई कृषि पेशाबाट निरुत्साहित बनाइरहेको छ। यदि किसानले उचित आम्दानी सुनिश्चित गर्न सकेनन् भने भविष्यमा उत्पादन नै घट्ने जोखिम बढ्छ। त्यसको प्रत्यक्ष असर उपभोक्ता र राष्ट्रिय अर्थतन्त्रमा पर्नेछ।

किसानले उत्पादन गर्ने, व्यापारीले अस्वाभाविक लाभ लिने र उपभोक्ताले महँगो मूल्य तिर्ने वर्तमान अवस्था दीर्घकालीन रूपमा कसैका लागि पनि हितकर होइन। अब समय आएको छ, आँपको बजारलाई व्यवस्थित, पारदर्शी र किसानमैत्री बनाउने। त्यसो गर्न सकिए मात्र किसानको पसिनाले उचित मूल्य पाउनेछ र लहानको आँपले राष्ट्रिय बजारमा अझ सुदृढ पहिचान बनाउनेछ।

# सुशासन, पारदर्शिता र जबाफदेही सरकार नै आजको आवश्यकता

**भ्रष्टाचार अन्त्य गर्न, प्रशासनलाई चुस्त बनाउन र राज्यप्रति भरोसा जगाउन सके मात्र यो सरकार सफल हुनेछ**

**गोविन्द पन्थी**

नेपाली जनताले राजनीतिक दलहरूलाई केवल सत्ता हस्तान्तरणका लागि मत दिएका होइनन्। जनताको अपेक्षा सधैँ स्पष्ट छ– देशमा सुशासन होस्, कानुन सबैमाथि समान रूपमा लागू होस्, राज्यका प्रत्येक निकाय पारदर्शी र जबाफदेही बनुन् तथा नागरिकको जीवनस्तरमा वास्तविक परिवर्तन आओस्। लोकतन्त्रको मूल मर्म नै यही हो कि जनताले आफ्नो भविष्य निर्माणका लागि प्रतिनिधि चयन गर्छन्। तर दुर्भाग्यवश, हाम्रो राजनीतिक अभ्यासले धेरै पटक जनअपेक्षाको सम्मान गर्न सकेन।

लामो समयसम्म राजनीतिक दलहरूले आफ्ना समर्थकलाई चेतनशील नागरिकका रूपमा भन्दा पनि आफ्नो हरेक निर्णयमा बिना प्रश्न सहमति जनाउने 'रबर स्ट्याम्प' जस्तै व्यवहार गरे। जनताको प्रश्नलाई आलोचना, सुझावलाई विरोध र असहमतिको आवाजलाई अवज्ञाका रूपमा बुझ्ने प्रवृत्ति बढ्दै गयो। यसैकारण लोकतन्त्रको आत्मा कमजोर हुँदै गयो र जनविश्वास क्रमशः घट्दै गयो। नेपालका प्रमुख राजनीतिक दलहरूले आफ्ना घोषणापत्रमा सुशासनका आकर्षक एजेन्डा विगतदेखि राख्दै आए तर ती कागजमा मात्र सीमित हुन पुगे।

नेपाली कांग्रेसले नीतिगत निर्णयको नाममा हुने भ्रष्टाचारलाई कानुनी दायरामा ल्याउने र त्यससम्बन्धी आवश्यक कानुन संशोधन गर्ने एजेन्डा अघि सारेको थियो। साथै संवैधानिक परिषद्को संरचना, नियुक्ति प्रक्रिया र अधिकारको सीमालाई स्पष्ट गर्ने प्रतिबद्धता जनाएको थियो। नेकपा (एमाले) ले सुशासनलाई राज्य सञ्चालनको मुख्य आधार बनाउने, विधिसम्मत शासन, भ्रष्टाचारमुक्त प्रशासन र सेवाग्राहीमैत्री प्रणाली सुनिश्चित गर्ने वाचा गरेको थियो। हालको नेपाली कम्युनिस्ट पार्टीले भ्रष्टाचारसँग जोडिएका विषयमा सरकारका नीतिगत निर्णयको परीक्षण हुने व्यवस्था ल्याउने प्रतिबद्धता जनाएको थियो।

यी दलहरूले आफ्ना घोषणापत्रमा राखेका कुरा र जनतासँग गरेका प्रतिबद्धता सरकारमा जाँदा भने पूरा गर्न सकेनन्। जनता प्रत्येक चुनावमा नयाँ आशा लिएर मतदान गर्न गए, तर परिणाम उस्तै पाए। घोषणापत्रमा लेखिएका वाचा र सरकारको व्यवहारबिच ठुलो खाडल देखिन थाल्यो। फलतः ले पुराना दलहरूप्रति जनविश्वास कमजोर बन्न पुग्यो। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, संवैधानिक परिषद् ऐन र न्याय परिषद् ऐनमा संशोधन गरी ती निकायलाई स्वतन्त्र, सक्षम र उत्तरदायी बनाउने प्रतिबद्धता व्यक्त गर्दै जनतासँग सम्झौता गरेर सय बुँदाको बाचा सार्वजनिक गरेको थियो। यसैबाट मन्त्रिपरिषद्ले गर्ने नीतिगत निर्णयको स्पष्ट परिभाषा गर्ने कुरा पनि उठाएको थियो उसले।

यसै पृष्ठभूमिमा राष्ट्रिय स्वतन्त्र पार्टीले जनताको बलियो समर्थन प्राप्त गर्‍यो। यो समर्थनको आधार केवल नयाँ दलको आकर्षण मात्र थिएन। यसको पछाडि गहिरो असन्तोष र परिवर्तनको चाहना थियो। पार्टी सभापति रवि लामिछानेले सञ्चारकर्मीका रूपमा देशमा व्याप्त बेथिति, भ्रष्टाचार र विसङ्गतिका विरुद्ध उठाएका आवाजले जनतामा विश्वास निर्माण गरेकै हो। सरकार सञ्चालनका क्रममा भुटानी शरणार्थी काण्ड र भिजिट भिसामार्फत हुने मानव तस्करीजस्ता संवेदनशील प्रकरणमा उच्च तहसम्म अनुसन्धान अघि बढाउने साहसिक निर्णयले पनि जनविश्वास अझ मजबुत बनायो।

त्यसैगरी काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहले स्वतन्त्र उम्मेदवारका रूपमा विजय हासिल गरी परिणाममुखी कामको सन्देश दिएका थिए। तर प्रशासनिक सहयोग नपाएर पनि उनले कामलाई अघि बढाउने प्रयास गरे। राज्य संयन्त्रबाट भएको असहयोगले विशेषगरी युवा पुस्तामा आक्रोश पैदा गर्‍यो। यसले पुरानो राजनीतिक संस्कृतिप्रति थप वितृष्णा र नयाँ विकल्पप्रतिको आकर्षण बढायो। राजनीतिमा जब दुई ठुला दलहरू आफ्ना सिद्धान्त र प्रतिस्पर्धालाई छाडेर केवल सत्ता जोगाउने वा अनुसन्धानबाट बच्ने उद्देश्यले एउटै ठाउँमा उभिन्छन् भन्ने जनधारणा बन्छ, त्यसले लोकतन्त्रलाई कमजोर बनाउँछ। जनताले त्यस्तो गठजोडलाई आफ्नो प्रतिनिधिहरूको सामूहिक अभिव्यक्तिको प्रस्फुटनका रूपमा होइन, स्वार्थको गठबन्धनका रूपमा बुझ्न थाल्छ। यही अवस्थाले जनआक्रोशलाई बलियो बनायो।

इतिहासले हामीलाई सिकाएको छ– ठुलो जनमत प्राप्त गर्नु सरकार टिकाउने अन्तिम आधार होइन। जनअपेक्षा पूरा गर्न नसक्दा दुई तिहाइको सरकार पनि ढल्न सक्छ। जनताले दिएको समर्थन विश्वासको मत हो, स्थायी लाइसेन्स होइन। त्यो विश्वास जोगाउन निरन्तर काम गर्नुपर्छ। आजको सन्दर्भमा नयाँ सरकारको अगाडि ठुलो अवसर छ। पुराना दलहरूले गरेका गल्तीबाट शिक्षा लिएर अघि बढ्ने अवसर छ। यदि सरकार सुशासनलाई नारा मात्र नभई व्यवहारमा उतार्न सफल हुन्छ भने यसले नेपालको राजनीतिक संस्कृतिमा ऐतिहासिक परिवर्तन ल्याउन सक्छ।

सुशासनको अर्थ केवल भ्रष्टाचार नियन्त्रण मात्र होइन। यसले निर्णय प्रक्रियामा पारदर्शी, जनताको सहज पहुँच, छिटो सेवा प्रवाह, न्यायमा समान पहुँच र कानुनको निष्पक्ष कार्यान्वयनको माग गर्छ। यदि कानुन कमजोरमाथि मात्र लागू हुन्छ र शक्तिशाली उम्किन्छ भने त्यो राज्यमा सुशासन कायम छ भन्न मिल्दैन। नेपाल भूगोलका हिसाबले सानो भए पनि रणनीतिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण देश हो। दुई ठुला शक्तिशाली छिमेकीबिच रहेको हाम्रो मुलुकले सन्तुलित कूटनीति अपनाउनुपर्छ। कुनै पनि असन्तुलनले दीर्घकालीन असर पार्न सक्छ। त्यसैले आन्तरिक सुशासनसँगै बाह्य सम्बन्धमा पनि परिपक्वता आवश्यक छ।

आज जनताले नयाँ सरकारसँग ठुलो आशा राखेका छन्। यो सरकारसँग पुरानो अभ्यास दोहोऱ्याउने छुट छैन। जनताको जीवनस्तरमा परिवर्तन ल्याउन, युवालाई अवसर दिन, भ्रष्टाचार अन्त्य गर्न, प्रशासनलाई चुस्त बनाउन र राज्यप्रति भरोसा जगाउन सके मात्र यो सरकार सफल हुनेछ। पुराना दलहरूले ठुलो संघर्ष, त्याग र बलिदानबाट लोकतन्त्र ल्याए। तर लोकतन्त्रलाई संस्थागत गर्न र जनताको अपेक्षा अनुसार परिणाम दिन नसक्दा उनीहरूले जनमत गुमाए। अब त्यो इतिहासबाट सिक्ने जिम्मेवारी नयाँ पुस्ताको काँधमा आएको छ।

यदि आजको सरकार रोगको सही पहिचान गरेर उपचारतर्फ अघि बढ्छ, सुशासन र पारदर्शितालाई आफ्नो मूल आधार बनाउँछ, र जनताको विश्वासलाई सम्मान गर्छ भने नेपालमा नयाँ राजनीतिक संस्कृतिको सुरुवात हुनेछ। अन्यथा इतिहासले फेरि कठोर निर्णय गर्नेछ। त्यसैले आजको आवश्यकता सुशासन, पारदर्शिता र जबाफदेही सरकार नै हो। यही समृद्ध नेपाल निर्माणको आधार पनि हो। (लेखक अधिवक्ता हुन्।) रातोपाटीबाट

# वीरगञ्जका क्यासिनोमा नेपालीको प्रवेशलाई पूर्ण रोक लगाउन सांसद पन्तको माग

**प्रहरी प्रशासनको मिलोमतोमा खुल्लमखुल्ला नेपालीहरूलाई पनि सहजै प्रवेश गराइएको भन्ने गुनासो स्थानीयहरूको रहेको भन्दै सांसद पन्तले यस्तो गतिविधिमा संलग्न प्रहरी प्रशासनमाथि कारबाही गर्न माग समेत गरे।**

काठमाडौं, २२ असार। रास्वपाका सांसद हरि (बुद्धिबहादुर) पन्तले वीरगञ्जका तारे होटलहरूमा सञ्चालित क्यासिनोहरूमा नेपालीहरूलाई पूर्ण रूपमा रोक लगाउन सरकारसँग माग गरेका छन्। सोमबार प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसद पन्तले यस्तो माग गरेका हुन्। प्रहरी प्रशासनको मिलोमतोमा खुल्लमखुल्ला नेपालीहरूलाई पनि सहजै प्रवेश गराइएको भन्ने गुनासो स्थानीयहरूको रहेको भन्दै सांसद पन्तले यस्तो गतिविधिमा संलग्न प्रहरी प्रशासनमाथि कारबाही गर्न माग समेत गरे।

उनले भने, 'मेरो निर्वाचन क्षेत्र वीरगञ्जको प्रायः सबै तारे होटलहरूमा क्यासिनोहरू खोलिएका छन्। भारत तथा तेस्रो मुलुकबाट वीरगञ्ज घुम्न आउने पर्यटकहरूलाई लक्षित गर्दै पर्यटन प्रवर्द्धन गर्नका निमित्त खोलिएका ती क्यासिनोहरूमा हिजो आज त्यहाँका प्रहरी र प्रशासनको मिलोमतोमा खुल्लमखुल्ला नेपालीहरूलाई पनि सहजै प्रवेश गराइएको भन्ने स्थानीयहरूको व्यापक जनगुनासो छ। यसरी क्यासिनोमा नेपालीहरूले सहजै प्रवेश पाउँदा क्यासिनोको लतमा परेका वीरगञ्ज तथा यस वरिपरिका ठूला व्यापारी घरानादेखि लिएर भर्खरै व्यवसायमा हात हालेका युवा उद्यमीसम्म र मध्यम वर्गीय परिवारदेखि लिएर विभिन्न पेशामा आबद्ध रहेका पेशाकर्मीहरूसम्म आफ्ना जायजेथा क्यासिनोमा हारेर बिल्लिबाठ भएको अवस्था छ। त्यसरी क्यासिनोको लतमा परेका कयौं व्यक्तिहरूको हुँदाखादाको व्यापार व्यवसाय र लेनदेन बिग्रिन गई सामाजिक र पारिवारिक सम्बन्ध नै क्षतविक्षत भएको अवस्था पनि छ। त्यसैले म सम्माननीय सभामुखज्यू मार्फत सरकार र पर्साको स्थानीय प्रशासनलाई क्यासिनोहरूमा नेपालीहरूको पूर्ण रूपमा रोक लगाउन र दोषी देखिए त्यहाँका प्रहरी प्रशासनलाई पनि कारबाही गर्न जोडदार माग गर्दछु।'

सांसद पन्तले वीरगञ्ज नाका हुँदै भारत पुगेका गाँजा र चरेसका गाडीहरू भारतीय बजार रक्सौल लगायत सीमावर्ती बजारहरूमा भारतीय सुरक्षाकर्मीहरूले क्विन्टलको क्विन्टल गाँजा बरामद गरेको तथ्यहरू सञ्चारमाध्यमहरूबाट आइरहँदा पर्सा प्रहरीमाथि नै यसले गम्भीर प्रश्न खडा गरेको बताए। आम सर्वसाधारणले एक दुई हजारका घरायसी सामान ल्याउँदा पक्रने तर तस्करहरूले मुख्य नाका हुँदै ठूलो मात्रामा लागुऔषध लगायतका तस्करीका सामानहरू ओहरदोहर हुँदा पनि नदेख्ने प्रहरी प्रशासनको यस्तो विषय गम्भीर भएको उनले बताए।

केही दिन अघि मात्रै गृहमन्त्री स्वयंलाई त्यहाँका स्थानीयहरूले बताएको कुराहरू सामाजिक सञ्जालहरूमा पनि आएको स्मरण गराउँदै सांसद पन्तले त्यस बाबजुद पनि गृहमन्त्री र गृह मन्त्रालय मौन बस्नुलाई पर्साका जनताले निकै चासोका साथ हेरिरहेको बताए।

# मधेशका ४८ योजनामा रहेको भुक्तानी समस्याको गाँठो फुक्यो

तत्कालीन अर्थमन्त्री सुनिल यादवले जारी गरेको खर्च मापदण्डमा योजना कार्यान्वयनअघि अर्थ मन्त्रालयको पूर्वस्वीकृति अनिवार्य गरिएको थियो। सोही कारण भौतिक पूर्वाधार विकास मन्त्रालयका ४८ वटा योजनाका मात्र झन्डै एक अर्ब रुपैयाँ बराबरको भुक्तानी रोकिएको थियो।




जनकपुरधाम, २२ असार। मधेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को अन्तिम चरणमा आएर विकास योजनाको भुक्तानी सम्बन्धी विवादको समाधान गरेको छ। मधेश सरकारको असार १८ गते बसेको मन्त्रिपरिषद् बैठकबाट बजेट कार्यान्वयन सहज बनाउनेगरी बाधा अड्काउ फुकाउको निर्णय भएको थियो। सोहीअनुसार सोमबार राजपत्रमा सूचना प्रकाशित भएर योजनामा देखिएको भुक्तानी विवाद हटेको हो।

चालु आर्थिक वर्षको साउनमा तत्कालीन अर्थमन्त्री सुनिल यादवले जारी गरेको खर्च मापदण्डमा योजना कार्यान्वयनअघि अर्थ मन्त्रालयको पूर्वस्वीकृति अनिवार्य गरिएको थियो। सोही कारण भौतिक पूर्वाधार विकास मन्त्रालयका ४८ वटा योजनाका मात्र झन्डै एक अर्ब रुपैयाँ बराबरको भुक्तानी रोकिएको थियो। पूर्वस्वीकृति लिनुपर्ने प्रावधानले भौतिक पूर्वाधारमात्र होइन, अन्य मन्त्रालयले समेत त्यसरी निर्माणको प्रक्रिया अगाडि बढाउँदा भुक्तानी समस्या उत्पन्न भएको थियो। सम्पन्न भइसकेका योजनाको समेत रकम निकासा हुननसक्दा निर्माण व्यवसायी र उपभोक्ता समितिहरू आन्दोलनमा उत्रिएका थिए। चालु आर्थिक वर्षको लागि यसअघि जारी गरिएको पूर्वस्वीकृति लिनुपर्ने प्रावधान नै खारेज गरि दिएको छ।

'मधेश प्रदेश सरकारका सम्पूर्ण मन्त्रालय तथा अन्तर्गतका निकाय/कार्यालयहरूको वार्षिक बजेट तथा कार्यक्रममा रहेको खर्च शीर्षक नं. ३१११२ (गैर आवासीय भवन खरिद), ३११७२ (पूँजीगत अनुसन्धान तथा परामर्श) र ३१५११ (भैपरी आउने पुँजीगत) को बजेट कार्यान्वयन गर्न अर्थ मन्त्रालयको पूर्व–स्वीकृति लिनु नपर्ने गरी बजेट फुकुवा गर्ने' प्रदेश राजपत्रमा प्रकाशित सूचनामा उल्लेख छ। त्यस्तै सवारी साधन, मेसिनरी औजार तथा फर्निचर खरिदका लागि समेत पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था हटाइएको छ।

त्यसैगरी प्रदेश लोक सेवा आयोगका चालु आर्थिक वर्षमा सिर्जना भएका दायित्व भुक्तानीका लागि मात्र लागु हुने री विनियोजन ऐनको दफा ५(२) अनुसार रकमान्तर तथा थप निकासाका लागि तोकिएको १० प्रतिशत सीमासम्बन्धी व्यवस्था पनि लागु नहुने निर्णय गरिएको छ। तीन दलीय गठबन्धन सरकारभित्र बजेट रोक्का, खर्च कटौती तथा अर्थ मन्त्रालयको निर्णयलाई लिएर विवाद हुँदै आएको छ। भुक्तानी समस्याले निर्माण व्यवसायीहरूले पूर्वाधार विकास कार्यायल धनुषामा तालाबन्दी गरेका थिए।

पूर्वस्वीकृति लिनुपर्ने कारण यी शीर्षकको बजेट पीएलएमबीआइएसमा रोक्का थियो। जसको कारण भुक्तानी लफडा निम्तिएको थियो।

# रुपन्देहीमा बोरिङको भरमा धान रोपाइँ

भैरहवा, २२ असार। मनसुन सक्रिय भए पनि पर्याप्त वर्षा नहुँदा रुपन्देहीका अधिकांश किसान यस वर्ष बोरिङ र पम्पसेटको भरमा धान रोप्न बाध्य भएका छन्। जिल्लाका कोटहीमाई, मर्चवारी, सम्मरीमाई, गैडहवा र ओमसतिया गाउँपालिका तथा लुम्बिनी सांस्कृतिक नगरपालिकालगायतका क्षेत्रमा भूमिगत पानी तानेर धान रोपाइँ भइरहेको छ।

विगतका वर्षमा आकाशे पानी र कुलोको सिँचाइमा निर्भर रहने किसान यस वर्ष चर्को घामबीच महँगो खर्च गरेर बोरिङ सञ्चालन गर्न बाध्य भएको स्थानीयहरूले बताएका छन्। समयमै पर्याप्त वर्षा नहुँदा रोपाइँ प्रभावित हुनुका साथै उत्पादनमा समेत असर पर्ने चिन्ता किसानमा बढेको छ। लुम्बिनी सांस्कृतिक नगरपालिकाका किसान अमित चौहानले वर्षौंदेखि निर्माण भएका कुलोहरू संरक्षण र मर्मतको अभावमा प्रयोगविहीन बनेकाले खेतसम्म सिँचाइको पानी पुग्न नसकेको बताउनुभयो। "कुलो छन्, तर पानी छैन, मर्मत नहुँदा किसानले त्यसको लाभ लिन सकेका छैनन्", उहाँले भन्नुभयो।

मर्चवारी गाउँपालिकाका स्थानीय बैजनाथ बरइका अनुसार अहिले अधिकांशले पम्पसेटमार्फत सिँचाइ गरिरहेका छन्। किसानहरूले तीन–चार वटा पम्पसेट एकैसाथ सञ्चालन गरेर रोपाइँ भइरहेको उहाँको भनाइ छ। स्थानीयका अनुसार मर्चवारसहित रुपन्देहीका दक्षिणी क्षेत्रमा स्थायी सिँचाइ प्रणाली नहुँदा प्रत्येक वर्ष किसानले यस्तै समस्या भोग्दै आएका छन्। भूमिगत पानीमा बढ्दो निर्भरता, डिजेल तथा विद्युत् खर्च र मौसमको अनिश्चितताले खेतीको लागतसमेत उल्लेखनीय रूपमा बढाएको उनीहरूको भनाइ छ।

## *निर्माण सकिनुअघि...*

यसको छानबिन हुनुपर्छ," उहाँले भन्नुभयो।

लक्ष्मीपुर पतारी गाउँपालिका–५ र ६ का स्थानीयले सडक निर्माण हुने खबरले उत्साहित भए पनि असारे विकासका नाममा हतारमा गरिएको निर्माण र अनियमितताले निराश बनाएको गाउँपालिका अध्यक्षका पूर्व प्रत्याशी देवनारायण साहले बताउनुभयो। "सडक निर्माणमा भइरहेको अनियमितताबारे पटक–पटक आवाज उठाउँदा पनि सम्बन्धित निकायले कुनै सुनुवाइ गरेको छैन," उहाँले भन्नुभयो। यता, लक्ष्मीपुर पतारी गाउँपालिका–६ का वडाध्यक्ष अजय यादवले यस क्षेत्रमा सडक अभावका कारण सुख्खा मौसममा धुलो र वर्षायाममा हिलोको समस्या झेल्दै आएको बताउनुभयो। उहाँका अनुसार यस क्षेत्रबाट निर्वाचित प्रदेशसभा सदस्य तथा भौतिक पूर्वाधार मन्त्री राजकुमार गुप्ताको पहलमा योजना स्वीकृत भएको हो।

उहाँले निरन्तर वर्षाका कारण छोटो समयमै काम सम्पन्न गर्न निर्माण कम्पनीलाई कठिनाइ भएको स्वीकार गर्दै वर्षा रोकिएपछि बाँकी काम दुई दिनभित्र सम्पन्न हुने बताउनुभयो। स्थानीय विवेक परियारका अनुसार लहान नगरपालिका–१२ को भोटियाटोलदेखि लक्ष्मीपुर पतारीको सितापुर हुँदै भारतीय सीमा बरियारपट्टी गाउँपालिकाको नरगीसम्म जाने सडक संघीय सरकारको रातो किताबमा समावेश भइसकेको छ हालसम्म लहान नगरपालिका–१२ क्षेत्रमा करिब तीन किलोमिटर कालोपत्रे सडक मात्र निर्माण भएको छ भने बाँकी सडक अझै कच्ची अवस्थामा छ

# छाडा पशुचौपाया छाड्नेलाई कारबाही गर्दै उपमहानगरपालिका



जनकपुरधाम, २२ असार। जनकपुरधाम उपमहानगरपालिकाले छाडा पशुचौपाया छाड्नेलाई कारबाही गर्न थालेको छ। छाडा पशुचौपायाका कारण मानवीय जोखिम बढेको भन्दै नियन्त्रणमा कडाइ गरेको उपमहानगरपालिकाले पाँच सयभन्दा बढी छाडा पशुचौपाया नियन्त्रणमा लिई रु सात लाखभन्दा बढी जरिवाना सङ्कलन गरेको छ।

छाडा पशुबाट मानिसमा हुने जोखिम तथा प्लास्टिकजन्य फोहरका कारण पशुमा पर्ने असर कम गर्न आइतबार जनकपुरधाम उपमहानगरपालिकाको कृषि तथा पशुपन्छी विकास शाखाले आयोजना गरेको छलफल तथा अन्तर्क्रियामा उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले जनकपुरधाममा छाडा पशुचौपायाको समस्या चुनौतीपूर्ण बन्दै गएकाले छाडा चौपाया नियन्त्रणका लागि कडा कदम चालेको बताउनुभयो।

पशु सडकमा छाड्ने व्यक्तिलाई उपमहानगरपालिकाले रु पाँच हजारसम्म जरिवाना गर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको जानकारी दिनुहुँदै उहाँले पछिल्लो समय छाडा पशु नियन्त्रणमा लिई छाड्ने व्यक्तिबाट रु सात लाख जरिवाना सङ्कलन भएको बताउनुभयो। प्रमुख साहका अनुसार छाडा पशु नियन्त्रणमा लिई वडा नं १२ मा रहेको पशु गौशालामा करिब पाँच सयभन्दा बढी पशुचौपाया राखिएका छन्।

नियमको प्रभावकारी कार्यान्वयनसँगै जनचेतना अभिवृद्धि आवश्यक रहेको उल्लेख गर्नुहुँदै उहाँले छाडा पशु नियन्त्रणको काम स्थानीय तहले मात्र गर्न नसक्ने भएकाले तीनै तहका सरकार, निजी क्षेत्र, नागरिक समाज तथा सर्वसाधारणको साझा सहकार्य आवश्यक रहेको बताउनुभयो। मधेस प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा सञ्जयकुमार यादवले छाडा पशु व्यवस्थापनलाई केवल स्थानीय तहको विषयका रूपमा नभई सार्वजनिक स्वास्थ्य, वातावरण संरक्षण र पशु कल्याणसँग जोडिएको साझा जिम्मेवारीका रूपमा लिनुपर्ने बताउनुभयो। उहाँले प्लास्टिकजन्य फोहरको अव्यवस्थित व्यवस्थापनका कारण पशुहरूको स्वास्थ्यमा गम्भीर असर परेको उल्लेख गर्दै प्लास्टिकको प्रयोग न्यूनीकरण र उचित फोहर व्यवस्थापनमा जोड दिनुभयो।

भेटेरिनरी अस्पताल तथा पशु सेवा केन्द्र धनुषाका प्रमुख डा सञ्जीवकुमार ठाकुरले प्लास्टिक अहिले मानव जीवनको अभिन्न अङ्ग बने पनि यसको जथाभावी प्रयोग र व्यवस्थापनका कारण पशुहरू सबैभन्दा बढी प्रभावित भइरहेको बताउनुभयो। सडकमा फालिएका प्लास्टिकका झोला र अन्य फोहरसँगै खाद्यवस्तु खाँदा गाईवस्तुलगायत पशुको पेटमा प्लास्टिक जम्मा हुने, त्यसले पाचन प्रणालीमा समस्या सृजना गर्ने, उत्पादन क्षमता घट्ने तथा कतिपय अवस्थामा पशुको मृत्यु नै हुने अवस्था देखिएको उहाँले जानकारी दिनुभयो।

कार्यक्रममा सहभागीहरूले छाडा पशु व्यवस्थापन, प्लास्टिकजन्य फोहर नियन्त्रण, पशु कल्याण तथा सुरक्षित सहरी वातावरण निर्माणका लागि सबै निकायबीच समन्वय र जनसहभागीता बढाउनुपर्नेमा जोड दिएका थिए।







# नगरपालिकामा विवादकै बीच बजेट पारित, ५ वडाध्यक्षले गरे बहिष्कार



प्रिमेश सिवाकोटी

रौतहट, २२ असार। रौतहटको कटहरिया नगरपालिकाको १२औँ नगरसभा तथा १०औँ बजेट अधिवेशन सोमबार विवादका बीच सम्पन्न भएको छ। नगरसभाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ४८ करोड ७७ लाख ४७ हजार रुपैयाँ बराबरको बजेट पारित गरेको भए पनि नगरप्रमुख र अन्य जनप्रतिनिधिबीच विवाद बढेको हो। बजेट वितरणमा विभेद भएको आरोप लगाउँदै ५ जना वडाध्यक्षले नगरसभा बहिष्कार गरेका छन्। नगरसभामा नगर प्रमुख अजय प्रकाश जैसवालले चालुतर्फ ३३ करोड ८८ लाख ७२ हजार र पुँजीगततर्फ १४ करोड ८८ लाख ७५ हजार रुपैयाँ विनियोजन गरिएको बजेट प्रस्तुत गरेका थिए।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामविनय कुमार सिंहका अनुसार कृषि, पशुपालन, स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाइ, सडक तथा पूर्वाधार, विपद् व्यवस्थापन, महिला, बालबालिका, ज्येष्ठ नागरिक, युवा तथा रोजगार प्रवर्द्धनलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम तयार गरिएको छ। प्रमुख प्रशासकीय अधिकृतको अभावका कारण कानुनले तोकेको समयभित्र नगरसभा हुन नसकेको र सोमबार मात्र सम्पन्न गरिएको नगरपालिकाले जनाएको छ।

तर, नगरसभा चलिरहेकै बेला वडा नं.१ का अध्यक्ष भूपेन्द्र महतो, वडा नं. २ का अध्यक्ष हरेन्द्र साह, वडा नं. ४ का अध्यक्ष चन्दन कुशवाहा, वडा नं. ६ का अध्यक्ष जयराम चौधरी र वडा नं. ९ का अध्यक्ष रुपेश यादवले नगरसभा बहिष्कार गर्दै नगरपालिकाको मूल गेटमा प्रदर्शन गरेका थिए। उनीहरूले प्रमुख प्रशासकीय अधिकृतलाई नगरसभा बदर गर्न माग गर्दै ज्ञापनपत्रसमेत बुझाएका छन्। वडाध्यक्ष चन्दन कुशवाहाले मेयर अजय प्रकाश जैसवालले पाँचवटा वडामाथि अन्याय गरेको आरोप लगाए। उनका अनुसार पाँच वडाको विकास बजेट कटौती गरी करारका कर्मचारीको तलबका नाममा रकम विनियोजन गर्ने भनिए पनि सम्पूर्ण रकम त्यस प्रयोजनमा खर्च नभई अनियमितता गरिएको छ ।

बहिष्कारमा उत्रिएका वडा अध्यक्षहरूको आरोप अनुसार पाँच वडाको विकास बजेट शून्य बनाइएको छ भने बाँकी चार वडामा करिब ९०/९० लाख रुपैयाँका दरले बजेट छुट्याएर मेयरले पक्षपातपूर्ण व्यवहार गरेका छन्। उनीहरूले आफूहरू उक्त नगरसभा नमान्ने र न्यायका लागि अदालत जाने चेतावनी दिएका छन्। यता नगरसभाबाट भने आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेटमाथि छलफल गरी आवश्यक निर्णयहरू पारित गरिएको नगरपालिकाले जनाएको छ। यसैबीच वडा नं. ५ का अध्यक्ष सर्फलाल गुप्तामाथि पनि अन्य जनप्रतिनिधिबीच फाटो ल्याई आफ्नो वडाको हितमा बजेट प्रभावित पारेको आरोप बहिष्कारमा सहभागी वडा अध्यक्षहरूले लगाएका छन्।

# पिडारीगुठीका वृजेश राम आठ दिनदेखि बेपत्ता, परिवार चिन्तित

**तिवारी यादव**

वीरगन्ज, २२ असार। पर्साको जगरनाथपुर गाउँपालिका- १, पिडारीगुठीका करिब २५ वर्षीय युवा वृजेश राम विगत आठ दिनदेखि बेपत्ता रहेको भन्दै उनका परिवारजनले चिन्ता व्यक्त गरेका छन् । परिवारका अनुसार गत सोमबार बिहान करिब ८ बजे वृजेश आफ्नी आमा मन्जु रामसँग धोबिनी गाउँपालिकाको जगरनाथपुरस्थित दिदीको घरमा मोटरसाइकलमा गएका थिए। सोही क्रममा उनी बिचबाटोबाट बेपत्ता भएका हुन्।

दलित समुदायका सामान्य आर्थिक अवस्था भएका वृजेश घरबाट केही पर पुगेपछि बिहानकै समयमा बेपत्ता भएपछि गाउँभरि नै चिन्ताको वातावरण छाएको स्थानीय बताउँछन्। आफन्तको घर जाने क्रममा बिचबाटोबाट बेपत्ता भएका वृजेश अहिलेसम्म परिवारको सम्पर्कमा नआएपछि घरमा रुवाबासी चलिरहेको उनका मामा वीरबल रामले बताए।

वृजेश बेपत्ता भएको आठ दिन बितिसक्दा पनि प्रहरीले ठोस जानकारी दिन नसकेको र अनुसन्धान भइरहेको भन्ने जवाफ मात्र दिँदै आएको परिवारका सदस्यहरूको गुनासो छ। उनका नाना रामअशिष रामका अनुसार, पूर्वनिर्धारित योजनाअनुसार वृजेश दिदीको घर जाँदै गर्दा मौसम खराब भई वर्षा सुरु भएपछि आमा–छोरा बाटोमै रोकिएका थिए। त्यही वेला वृजेशको मोबाइलमा अचानक फोन आएपछि उनले आमालाई त्यहीँ छाडेर भेट्न गएको र त्यसयता सम्पर्कविहीन भएको उनले बताए।

उनका अनुसार दुई सन्तानका अभिभावक रहेका वृजेशले केही वर्षअघि व्यक्तिगत कामका लागि दुई–तीनजनासँग अढाई लाख, दुई लाखलगायत गरी करिब सात–आठ लाख रुपैयाँ कर्जा लिएका थिए। वृजेश बेपत्ता भएको यति लामो समय बितिसक्दा पनि पर्सा प्रहरीले अनुसन्धान कहाँसम्म पुगेको भन्नेबारे परिवार अझै अनभिज्ञ रहेको जनाएको छ। पर्साका प्रहरी नायब उपरीक्षक राजु कार्कीले वृजेश राम बेपत्ता भएको घटनामा प्रहरीले विभिन्न कोणबाट अनुसन्धान गरिरहेको जानकारी दिए।

उनले जानकारी प्राप्त भएलगत्तैदेखि प्रहरीले परिवारका सदस्यहरूसँग नियमित सम्पर्कमा रही घटनाको अनुसन्धानलाई तीव्र बनाएको बताए।


OFFICE OF THE PRINCIPAL

DPS
DELIGHT PUBLIC SCHOOL
Lahan-3, Siraha
Walk in Interview

Required suitable candidate for the following position

| Section | Required |
|---|---|
| Pre-primary+ Kindergarten | Nursery/Montessori trained or 1-2 year Diploma in Early Education |
| Primary | Social Studies/English (Bachelor's degree in revelant subject, B.Ed. or equivalent with teaching experience) |
| Lower Secondary | Social Studies/English (Bachelor's degree in revelant subject, B.Ed. or equivalent with teaching experience) |

All candidates need strong communication skills,
Classroom management and computer proficiency.
Able to handle Modern and changing education system
Understanding young minds/A passion for teaching and Learning
(Experience preferred)

Walk-in interviews: 17th/18th/19th Ashad 2083
Carry all required documents

| Timings | Venue |
|---|---|
| 9:00 AM - 3:00 PM | OFFICE OF THE PRINCIPAL DELIGHT PUBLIC SCHOOL, Lahan-3, Siraha |

9712044022 033-590430


# रुपन्देहीमा 'स्मार्ट प्रहरी–सुरक्षित समुदाय' कार्यक्रम सुरु

भैरहवा, २२ असार। रुपन्देही प्रहरीले सूचना प्रविधिमा आधारित 'स्मार्ट प्रहरी–सुरक्षित समुदाय' कार्यक्रमसहित कार्यसञ्जाल विस्तार गरी समयसापेक्ष सेवा सञ्चालन गरेको छ। नेपाल सरकारले जारी गरेको १०० बुँदे कार्यक्रम कार्यान्वयन गर्ने क्रममा नेपाल प्रहरीले अघि सारेको सो अवधारणालाई आत्मसात् गर्दै रुपन्देही प्रहरीले सूचना प्रविधिको प्रयोगमा जोड दिई चुस्तदुरुस्त एवं नागरिकमैत्री सेवा प्रवाह गर्ने प्रतिबद्धता व्यक्त गरेको हो।

लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी नायब महानिरीक्षक भूपेन्द्रबहादुर खत्रीले 'स्मार्ट पुलिसिङ' को अवधारणाबमोजिम रुपन्देही जिल्लामा 'क्राइम रेस्पोन्स भेहिकल' (सिआरभी) र 'स्मार्ट पुलिस कन्ट्रोल रुम' (एसपिसिआर) सञ्चालन गर्न लागेको जानकारी दिनुभयो। तुलनात्मक रुपमा जनघनत्व र खुला सीमा बढी भएको रुपन्देही जिल्लामा आपराधिक घटनासहित जोखिमको मात्र पनि बढी हुनसक्ने यथार्थलाई दृष्टिगत गरी सूचना प्रविधिमा आधारित भई द्रुत गतिमा सेवा प्रवाह गर्न लागेको उहाँले बताउनुभयो।

प्रदेश प्रहरी प्रमुख खत्रीका अनुसार रुपन्देहीपछि बाँके, कपिलवस्तु, पश्चिम नवलपरासी, दाङलगायतका जिल्लामा पनि 'स्मार्ट पुलिसिङ' विस्तार गरिनेछ। यसैगरी, प्रविधिमा आधारित सेवाले अपराध नियन्त्रणलाई छिटो, प्रभावकारी र पारदर्शी बनाउनुका साथै 'प्रहरी–नागरिक' सम्बन्धलाई अझ सुदृढ बनाउने र भन्सार छली, चोरी–तस्करी, सडक दुर्घटना र साइबर अपराध न्यूनीकरण तथा नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले सूचना प्रविधिको क्षेत्रमा देखिएको विकाससँगै स्मार्ट पुलिसिङको अवधारणाबमोजिम प्रहरी सङ्गठन अघि बढ्नुपर्नेमा जोड दिनुभयो। लुम्बिनी प्रदेश प्रहरी कार्यालयका स्मार्ट पुलिसिङ तथा अपराध अनुसन्धान विज्ञ प्रहरी निरीक्षक उज्ज्वल खड्काका अनुसार रुपन्देहीको मिलनचोक, कालिकानगर, योगीकुटी, मणिग्राम, कोटिहवा, बुद्धचोक, मायादेवी चोक, आँखा अस्पताल चोक, बसन्तपुर चोक र भुलनीपुरमा 'सिआरभी' बेस स्थापना गरी स्मार्ट सेवा सञ्चालन गरिने छ।

यसैगरी, जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा स्थापना गरिने स्मार्ट पुलिस कन्ट्रोल रुम (एसपिसिआर) लाई आधुनिक प्रविधि प्रणालीसँग जोडिने छ। यसबाट प्रहरी टोलीको परिचालन, निगरानी, नियन्त्रण, कमाण्ड, सिसिटिभी अनुगमन, डिजिटल अभिलेखीकरण तथा प्रहरी प्रतिक्रियाको सम्पूर्ण व्यवस्थापन एउटै केन्द्रबाट म चौबीसैँ घण्टा सञ्चालन गरिने प्रहरीले जनाएको छ ।

नेपाल प्रहरीले अघि सारेको स्मार्ट पुलिसिङ अवधारणाले साइबर अपराध, सीमापार अपराध, सङ्गठित अपराध, वित्तीय अपराध तथा आधुनिक सुरक्षा चुनौतीको प्रभावकारी सामना गर्न कृत्रिम बौद्धिकता (एआई), डिजिटल सूचना प्रणाली, डाटा विश्लेषण र अनुसन्धान प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखेको जनाएको छ ।

रुपन्देही प्रहरीका सूचना अधिकारी चन्दका अनुसार सिआरभी र एसपिआर प्रणालीले अपराध अनुसन्धानलाई थप वैज्ञानिक, प्रविधिमैत्री र प्रमाणमा आधारित बनाउने तथा कुनै अपराध, दुर्घटना, विपद् वा आकस्मिक घटनाको सूचना प्राप्त हुनासाथ सबैभन्दा नजिकको प्रहरी टोलीलाई डिजिटल प्रणालीमार्फत तत्काल परिचालन गरिने र घटनास्थलको सुरक्षा, प्रमाण संरक्षण, उद्धार तथा अनुसन्धानलाई एउटै प्रणालीमा जोडिने भएकाले सेवा प्रवाहमा गुणात्मक उपलब्धि हासिल भई प्रहरी र आमजनताबीचको सम्बन्ध अझ विश्वसनीय, सुदृढ र सुमधुर हुने छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)